**मिति २०८३ साल भाद्र २६ गते बसेको नगरकार्यपालिकाको ६९ औं वैठकको प्रस्ताव तथा**

**निर्णयहरु:-**

**प्रस्तावहरु:-**

१) विपद् व्यवस्थापन सम्वन्धमा ।

२) योजना सम्झौता सम्वन्धमा ।

३) कार्यविधि पारित गर्ने सम्वन्धमा ।

क) धुनिवेशी नगरपालिका विपद् व्यवस्थापन कार्यविधि-२०८३

ख) धुनिवेशी नगरपालिकाको विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान सहायता वितरण कार्यविधि-२०८३ का सम्वन्धमा ।

४) विविध

क) सिसडोल वन्चरेडाँडा फोहोरमैला व्यवस्थापन सम्वन्धमा ।

**निर्णय नं.१**

२०८३ साल भाद्र महिनाको १० गते रसुवा जिल्ला हुँदै वहने भोटेकोशी नदीमा आएको अकल्पनीय विनाशकारी वाढीको कारण धादिङ्ग जिल्ला स्थित गल्छी, गजुरी, सिद्धलेख र वेनिघाट रोराङ गाउँपालिकाहरु प्रभावित भएकोले प्रभावित पालिकाहरुलाई सहयोग गर्ने विषयमा जिल्ला स्थित १३ वटै पालिकाको प्रमुख एवं अध्यक्ष तथा उप-प्रमुख एवं उपाअध्यक्ष समेतको संलग्नतामा थाक्रे गाउँपालिकामा संयुक्त वैठक वसी प्रभावित पालिकाहरुलाई सहयोग गर्न राहत कोष स्थापना गर्ने र उक्त कोषमा धुनिवेशी नगरपालिकाको तर्फवाट रु.५ लाख रुपैयाँ जम्मा गर्ने सहमती भएको हुँदा प्रभावित ४ वटा पालिकालाई सहयोग गर्ने गरी सहमतीमा स्थापना भएको राहत कोषमा नगरपालिकाको तर्फवाट रु.५ लाख रुपैयाँ जम्मा गरी दिने र यस नगरपालिकाको तर्फवाट मासिक रुपमा सेवा सुविधा, तलव एवं पारिश्रमिक रकम भुक्तानी लिने गरी नगरपालिका, अर्न्तगतका कार्यलय र सामुदायिक विद्यालयहरुमा कार्यरत रहेका स्थायी एवं करार सेवाका कर्मचारीहरु, विद्यालय शिक्षक र विद्यालय कर्मचारीहरुको न्यूनतम पारिश्रमिक रकम वा आधारभुत तलवमानको आधारमा हुन आउने ७ दिनको तलव रकम वा पारिश्रमिक रकम र जनप्रतिनिधिहरुको हकमा विभिन्न शिर्षकमा मासिक रुपमा खाईपाई आएको सेवा सुविधाको रकमका आधारमा हुन आउने आधा महिनाको सेवा सुविधाको रकम प्रधानमन्त्री राहत कोषमा जम्मा गर्ने निर्णय गरियो ।

**निर्णय नं.२**

आ.व. २०८३/०८४ को वार्षिक स्वीकृत योजना तथा कार्यक्रम अनुसार उपभोक्ता समितिबाट संचालन हुने योजना तथा कार्यक्रमहरु कार्यान्वयनका लागि मिति २०८३।०६।०१ देखी उपभोक्ता समितिहरुसँग सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं.३**

विधायन समितिको सिफारिस अनुसार दफावार छलफलका लागि पेश हुन आएको धुनिवेशी नगरपालिका विपद् व्यवस्थापन कार्यविधि -२०८३ र शिक्षा यूवा तथा खेलकुद शाखा मार्फत मस्यौदा तयार गरी विधायन समितिको सिफारिस सहित दफावार छलफलका लागि पेश भएको धुनिवेशी नगरपालिकाको विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान सहायता वितरण कार्यविधि-२०८३ माथि दफावार रुपमा छलफल गर्ने कार्य सम्पन्न भएको हुँदा उक्त कार्यविधि र कार्यविधिका साथ संलग्न आर्थिक वर्ष २०८३/०८४ को वार्षिक कार्यकम कार्यान्वयन कार्यतालिकालाई स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.४ (विविध-क)**

सिसडोल वन्चरेडाँडा फोहोरमैला प्रभावित क्षेत्रका स्थानीयवासीको न्यायोचित माग तथा विगतमा भएका सहमती एवं सम्झौताहरु कार्यान्वयन गराउन मिति २०८३।०५।२१ देखी शान्तिपूर्ण धर्ना कार्यक्रम घोषणा गरेकोमा मिति २०८३।०५।१० मा आएको अकल्पनीय विनाशकारी बाढीजन्य विपतको कारण उक्त धर्ना कार्यक्रमलाई स्थगित गरी प्रभावित व्यक्तिहरुको उद्धार, खोज, राहत र मानवीय सहयोगमा ध्यान केन्द्रित गरेको थियौं अव धुनिवेशी नगरपालिका, स्थानीय सरोकारवाला व्यक्ति तथा सम्बन्धित सरकारी निकायहरु विच तत्काल छलफल तथा समन्वयको वातावरण निर्माण गरी विगतमा भएका सहमती र सम्झौताहरु कार्यान्वयन गरी समस्याको समाधान गर्न प्रतिवद्ध छौं अन्यथा मिति २०८३।०६।०५ गते देखी शान्तिपूर्ण धर्ना तथा दवावमुलक कार्यक्रम सचालन गर्न बाध्य हुनेछौं भनी सम्बन्धित निकायसँग तत्काल छलफलको लागि पहल गरी समस्याको समाधान गर्ने तर्फ ठोस कदम चालिदिनुहुन भनी सिसडोल वन्चरेडाँडा फोहोर व्यवस्थापन सरोकार केन्द्रवाट यस नगरपालिकाको नाममा पत्र प्रेषित गरेको देखिँदा उक्त पत्रलाई गम्भिरतापूर्वक लिई फोहोरमैला प्रभावित क्षेत्रका स्थानीय वासिन्दाहरुले उठाएका जायज मागहरुलाई सम्वोधन गर्ने गरी विगतमा भएका सम्झौता र सहमतीहरुलाई कार्यान्वयन गरी समस्याको दिगो समाधान गर्न सरोकारवाला निकायहरुलाई जानकारी गराई अनुरोध गर्ने निर्णय गरियो ।